आज मिती २०८१ साल श्रावण १२ गते शनिवार विहान १०:०० वजे गोकुलगंगा गाउँपालिकाको दोश्रो कार्यकालको ३४ औं कार्यपालिकाको वैठक गाउँपालिका अध्यक्ष श्री काजी बहादुर खड्काको अध्यक्षता तथा तपशिलका पदाधिकारीहरुको उपस्थितीमा बसी देहाय वमोजिमको विषयमा छलफल गरी निर्णय गरीयो ।

तपशिल

| सि.नं. | नाम थर | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १ | श्री काजी बहादुर खड्का | अध्यक्ष | | |
| २ | श्री उषा देवी कार्की | उपाध्यक्ष | | |
| ३ | श्री छत्र बहादुर वस्नेत | वडा नं. १ वडाध्यक्ष | | |
| ४ | श्री सुन्दर कुमार कार्की | वडा नं. २ वडाध्यक्ष | | |
| ५ | श्री नर विक्रम कार्की | वडा नं. ३ वडाध्यक्ष | | |
| ६ | श्री रामचन्द्र वस्नेत | वडा नं. ४ वडाध्यक्ष | | |
| ७ | श्री दिपक कार्की | वडा नं. ५ वडाध्यक्ष | | |
| ८ | श्री चन्द्र बहादुर सुनुवार | वडा नं. ६ वडाध्यक्ष | | |
| ९ | श्री दिर्घ माया खत्री | कार्यपालिका सदस्य | | |
| १० | श्री संगिता वि.क. | कार्यपालिका सदस्य | | |
| ११ | श्री मोहन मायाँ सुनुवार | कार्यपालिका सदस्य | | |
| १२ | श्री ज्ञान कुमारी थापामगर | कार्यपालिका सदस्य | | |
| १३ | श्री कैलाश सुनुवार | कार्यपालिका सदस्य | | |
| १४ | श्री मैना खड्का | कार्यपालिका सदस्य | | |
| १५ | श्री उमेश कुमार यादव | प्रमुख प्रशासकीय अधिकृत सचिव | | |

काजी बहादुर खड्का
अध्यक्ष

**छलफलका विषयहरु:**

१. अघिल्लो कार्यपालिकाको वैठकको निर्णयहरुको समिक्षा गर्ने सम्बन्धमा ।
२. पहिरोमा परी मृत्यु भएको घरपरिवारलाई क्षतीपूर्ती व्यवस्थापन गर्ने सम्बन्धमा ।
३. विपद् बाट क्षेती भएको संरचनाहरुको विवरण संकलन गर्ने सम्बन्धमा ।
४. ढुङ्गा, गिट्टी, वालुवाको ठेक्का व्यवस्थापन गर्ने सम्बन्धमा ।
५. निर्माण सामाग्री तथा ज्याला समेतको आ.व.२०८१/०८२ को स्थानीय दररेट स्वीकृत गर्ने सम्वन्धमा।
६. संघीय सरकार र प्रदेश सरकारका मातहतका कार्यालयहरु सँग वहुवर्षे योजना प्रस्ताव गर्ने सम्बन्धमा ।
७. ठेक्काको म्याद थप गर्ने सम्वन्धमा ।
८. सरसफाई तथा मर्मतका लागि व्याक्होलोडर तथा डोजर भाडामा लिने सम्बन्धमा ।
९. कम्प्युटर टाईप गर्न सेवा करारमा लिईएको निर्णयलाई अनुमोदन गर्ने सम्बन्धमा ।
१०. विविध सम्बन्धमा ।

## निर्णयहरुः-

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथि छलफल गरी अघिल्लो वैठकको निर्णय कार्यान्वयनको समीक्षा गर्ने निर्णय गरीयो ।

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथि छलफल हुँदा गोकुलगंगा गाउँपालिका वडा नं. ६, साविक फर्पू गा.वि.स. वडा नं. ९ पहिरे भन्ने ठाउँमा मिती २०८१/०४/१० गते अन्दाजी साँझ ७:२५ वजेको समयमा ४ घण्टा अघीदेखी निरन्तर परिरहेको अविरल वर्षाको कारण सोही श्री विमान तामाङको घर पछ्याडीबाट एक्कासी पहीरो आई घरभित्र वसीरहेको वेल घरधनी श्री विमान तामाङको छोरी वर्ष १८ की सिता तामाङ, विमान तामाङको नातिनी पदम तामाङको छोरी वर्ष १३ की लक्ष्मी तामाङ र पेमा तामाङको छोरी वर्ष १५ की आसिका दोङ तीनै जनाको उक्त पहिरोले पुरि घटना स्थलमै मृत्यु भएको हुँदा मृतकहरुको परिवारलाई क्षेतीपूर्ती वापत जनही रु. ५०,०००।- (अक्षरेपी पचहत्तर हजार रुपैया मात्र) का दरले र काजक्रिया खर्च वापत मृतक परिवारलाई जनही १५०००।- (अक्षरेपी पन्ध्र हजार रुपैया) का दरले राहात स्वरुप क्षेतीपूर्ती उपलब्ध गराउने र वडा नं. २ ठोसेमा स्थायी बसोबास गर्ने श्री भिमादेवी वस्नेत र गोपाल भण्डारीको घरमा अविरल वर्षातको कारण पहिरोले घर जोखिममा परेकोले निजहरुलाई सो स्थानबाट स्थानान्तरण गर्नुपर्ने भएकोले निजहरुलाई क्षेतीपूर्ती वापत रु १५०००।- (अक्षरेपी पन्ध्र हजार रुपैया) को दरले राहात उपलब्ध गराउने निर्णय सर्वसम्मत पारित गरीयो ।

**निर्णय नं. ३**

काजी बहादुर खड्का
अध्यक्ष

०५.९.
काजी बहादुर खड्का
अध्यक्ष

प्रस्ताव नं. ३ माथि छलफल हुँदा यस गोकुलगंगा गाउँपालिका क्षेत्र भित्र वर्षातको कारण विपद् बाट क्षेती भएका संरचनाहरुको स्थलगत विवरण संकलन गर्न तपशिल वमोजिमको समितिले विवरण संकलन गरी सम्बन्धित वडाको वडा स्तरीय विपद् व्यवस्थापन समिती बाट निर्णय गराई सोको प्रतिवेदन सहित पालिका विपद् व्यवस्थापन समितीमा पेश गर्न सबै वडा कार्यालयलाई पत्राचार गर्ने निर्णय गरियो ।

तपशिल

क. सम्बन्धित वडाको वडा अध्यक्ष - संयोजक

ख. वडा नं. ४, ५ र ६ को हकमा सव. ईन्जिनीयर श्री निशान कार्की - सदस्य

ग. वडा नं. १, २ र ३ को हकमा प्राविधिक सहायक (सव. ईन्जिनीयर) श्री दोरण खड्का - सदस्य

घ. सम्बन्धित वडाको वडा सचिव - सदस्य

ङ. सम्बन्धित वडाको वडा प्राविधिक - सदस्य

निर्णय नं. ४

प्रस्ताव नं. ४ माथि छलफल हुँदा चालु आ.व. २०८०/०८१ को लागि यस गाउँपालिकाको आन्तरिक आय व्यवस्थापन गर्न गोकुलगंगा गाउँपालिकाको स्थानीय राजश्व परामर्श समितिबाट सिफारिश भई आए अनुसार ढुंङ्गा, गिट्टी, बालुवा जस्ता नदिजन्य पदार्थ उत्खनन, संकलन र निकाशी कर र गाउँपालिका क्षेत्र भित्रको जडिबुटी, कवाडी, जिवजन्तु, फलफुल र तरकारीको कारोबार गर्नेसँग निकासी कर संकलन गर्न मूल्य अभिबृद्धी कर वाहेक न्यूनतम अंक तोकी ठेक्का व्यवस्थापन गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन गर्ने निर्णय गरियो ।

निर्णय नं. ५

प्रस्ताव नं. ५ माथि छलफल हुँदा गोकुलगंगा गाउँपालिकाको स्थानीय दररेट निर्धारण समितीको मिती २०८१/०३/३१ गतेको बैठकबाट गोकुलगंगा गाउँपालिकाको विकास निर्माण कार्यको लागि चालु आ.व. २०८१/०८२ का लागि निर्माण सामाग्री सहितको स्थानीय दररेट स्वीकृतीको लागि सिफारिस भई आएकोले उक्त दररेट स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. ६

प्रस्ताव नं. ६ माथि छलफल हुँदा संघीय सरकार र प्रदेश सरकार मातहतका कार्यालयहरुसँग गाउँपालिकाबाट सम्पन्न गर्ने नसकिने वहुवर्षे योजना प्रस्ताव गर्ने निर्णय गरियो ।

तपशिल

निर्णय नं. ७

प्रस्ताव नं. ७ माथि छलफल हुँदा गोकुलगंग गाउँपालिका अन्तर्गत आलु किवी लगायत कृषि उपज भण्डारण तथा व्यवस्थापनको लागि सित भण्डारण गृह(कोल्ड स्टोर) निर्माण योजनाको लागि सम्झौता भएको गोकुलगंगा विल्डर्स प्रा.लि. र Upgrading Works For Dhauley-Chake-Phaparbari-Kosyanghkharka-Jattapokhari

०५.९.
काजी बहादुर खड्का
अध्यक्ष

०५.८१.
काजी बहादुर खड्का
अध्यक्ष

Road योजनाको लागि सम्झौता भएको डिमुन कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. को करार म्याद २०८१/०३/१५ मा समापन भएको तर सम्झौता अनुसारको कार्य तोकिएको समयभित्र समापन गर्न नसकी उक्त निर्माण कम्पनीहरुले करार म्याद थप गर्नको लागि माग गरेकोले निज दुवै निर्माण कम्पनीलाई सार्वजनिक खरिद नियमावली २०६४ (बाह्रौ संशोधन) को नियम १२० को उपनियम (क) वमोजिम मिती २०८१ साल पौष मसान्त सम्म करार म्याद थप गर्ने सर्वसम्मत निर्णय गरियो ।

निर्णय नं. ८

प्रस्ताव नं. ८ माथि छलफल हुँदा गोकुलगंगा गाउँपालिका क्षेत्र भित्रको सडक सरसफाई तथा मर्मत कार्य गर्नका लागि व्याक्होलोडर तथा डोजर भाडामा लिने निर्णय गरियो ।

निर्णय नं. ९

प्रस्ताव नं. ९ माथि छलफल हुँदा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९५ मा सेवा करारमा लिने सम्बन्धी व्यवस्था भएकोले कार्यालयको सरसफाई, सुरक्षा, चिठ्ठी पत्र ओसार पसार, टाईपिङ वा कम्प्यूटर टाईप, ड्राईभिङ्ग जस्ता सार्वजनिक निकायको दैनिक कार्य संचालन गर्न आवश्यक पर्ने सेवा करारमा लिनु परेमा रु ५०००००(अक्षरेपी पाँच लाख मात्र) सम्म सेवा शुल्क लाग्ने सेवाको करार सार्वजनिक निकायले कुनै व्यक्ती, फर्म, संस्था वा कम्पनीसँग वार्ता गरी सेवा करारमा लिन सक्ने व्यवस्था भएकोले श्री मिलन घिमिरेलाई सहायक कम्प्यूटर अपरेटर पदको सेवा करार सम्झौता भएकोले उक्त निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. १०

प्रस्ताव नं. १० विविध सम्बन्धमा छलफल गरी देहाय वमोजिमको निर्णय गरियो ।

क. रामेछाप जिल्लाको उमाकुण्ड गाउँपालिका र गोकुलगंगा गाउँपालिका क्षेत्रमा निर्माणाधिन हाईड्रोपावर कम्पनीमा निर्माण सामाग्रीहरु यस गाउँपालिका भित्रका सडकहरु हुँदै ढुवानी हुने भएको कारण हेभी सवारी साधन प्रयोगबाट विग्रे भत्केका सडकहरु मर्मत सम्भारको लागि गोकुलगंगा गाउँपालिकाको आर्थिक ऐन २०८१ मा तोकिए अनुसारको स्थानीय सडक उपभोग दस्तुर र जडिबुटी, कवाडी, जिवजन्तु, फलफुल र तरकारीको कारोबार गर्नेसँग निकासी कर संकलन गर्नको लागि यस कार्यालयका कर्मचारी खटाई व्यवस्थापन गर्न कार्यालयको कार्यबोझका कारण संभव नभएको र उक्त कार्य दैनिक ज्यालादरीमा गर्न मञ्जुर भई विगत देखीनै सो कार्य गर्दै आउनुभएका वडा नं २ ठोसे निवासी श्री शिव बहादुर कार्कीसँग मासिक रु २०,०००।- (अक्षरेपी बीस हजार मात्र) नबढ्ने गरी पारिश्रमिक सुविधा पाउने शर्तमा सम्झौता गरी वडा नं २ ठोसेबाट संकलन गर्ने र यस कार्यालयमा ह.स.चा. पदमा कार्यरत श्री रुद्र बहादुर खड्कालाई वडा नं. ६ फर्पूबाट संकलन गर्नको लागि थप जिम्मेवारी प्रदान गर्ने निर्णय गरियो ।

०५.८१.
काजी बहादुर खड्का
अध्यक्ष